सन्धिखर्क नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

सन्धिखर्क, अर्घाखाँची लुम्बिनी प्रदेश, नेपाल

पत्र सङ्ख्याः २०८३/०८४
चलानी नं.

मितिः २०८३/०७/१०
ने.सं. ११४६

प्रस्ताव आव्हान सम्बन्धी सूचना !

(दोस्रो पटक प्रकाशित सूचना मिति २०८३/०७/१०)

राष्ट्रिय प्रकृति संरक्षण कोष खुमलटार, ललितपुर र सन्धिखर्क नगरपालिका, अर्घाखाँची बीच सम्झौता भई आ.व. २०८३/०८४ को वार्षिक स्वीकृत "जलवायु अनुकुलित खाद्यबाली प्रदर्शन तथा प्रवर्द्धन कार्यक्रम" सञ्चालन गर्नु पर्ने भएकाले गहुँको बीउ उत्पादन गर्न इच्छुक कृषि फर्म, कृषक समूह, कृषि वा बहुउद्देश्यीय सहकारीहरुले यो सूचना प्रकाशन भएको मितिले ७ औं दिन अर्थात २०८३/०७/१६ गते सम्म न्यूनतम आवश्यक कागजातहरु सहित कार्यालय समय भित्र निवेदन दर्ता गर्नहुन आव्हान गरिन्छ, साथै रित नपुऱ्याई आएका वा म्याद नाघी प्राप्त हुन आएका निवेदनहरु छनोटको लागि समावेश नहुने बेहोरा जानकारी गराईन्छ ।

तपसिल

कार्यक्रमको नाम	बाली वस्तु	जात	बजेट रकम रु.	क्षेत्रफल	अनुदान प्रतिशत र अधिकतम सिमा	कैफियत
जलवायु अनुकुलित खाद्यबाली प्रदर्शन तथा प्रवर्द्धन कार्यक्रम (गहुँ)	गहुँ	गौतम	रु.१६ लाख ८० हजार	कम्तिमा १०० रोपनी सिँचित क्षेत्र भएको कलस्टरमा बीउ उत्पादन गर्नुपर्ने	गहुँको मूल बीउ, जैविक मल, जैविक विषादी, प्रविधि प्रसार तथा सेवामा १००% अनुदान	बीउ प्रमाणिकरण प्रक्रिया स्वयम् बीउ उत्पादकले पुरा गर्नुपर्नेछ ।

नोटः ७५ हे. को लागि ४८०० के.जी. गहुँको मूल बीउको प्रति के.जी. १२० ।- दरले डेसिस मार्फत खरिद गर्ने । जैविक मल ७५ हे. को लागि प्रति हे. २ टनका दरले जम्मा रकम रु ३७५००० ।- र जैविक विषादी प्रति हे. १.५ के.जीका दरले जम्मा रकम रु. २२५००० ।- बिल भरपाईका आधारमा कृषकको खातामा भुक्तानी गरिनेछ ।

आवश्यक कागजातहरुः

- प्रस्ताव सहितको निवेदन ढाँचा ।
- कृषि फर्म, कृषक समूह, सहकारी नवीकरण गरिएको दर्ता प्रमाणपत्रको प्रतिलिपि तथा स्थायी लेखा नम्बर (PAN) प्रमाणपत्रको प्रतिलिपि ।
- आ.व २०८२/०८३ को करचुक्ता प्रमाण पत्रको प्रतिलिपि ।
- समूह/सहकारीको हकमा कार्यक्रम माग सम्बन्धमा (व्यक्तिगत जग्गाको क्षेत्रफल खुलाई) निर्णयको प्रतिलिपि ।
- जग्गा धनि प्रमाणपत्रको प्रतिलिपि वा लिजमा लिएको हकमा कम्तिमा ५ वर्ष करार सम्झौता पत्र ।
- सम्बन्धित वडा कार्यालयको सिफारिस ।

.....
राम बहादुर थापा
(कृषि विकास अधिकृत

.....
प्रमोद खनाल
(प्रमुख प्रशासकीय अधिकृत)

प्रमोद खनाल
प्रमुख प्रशासकीय अधिकृत